## मिति २०८२ असार १६ गतेको नगरसभाको सत्रौ अधिवेशनको दोस्रो वैठकका निर्णयहरु

**निर्णय नं. १**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम पारित गर्ने ।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८२/८३ को विनियोजित वजेट पारित गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाका कार्यपालिका सदस्य श्री उद्धव रम्तेलले दर्ता गराउनु भएको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र वजेट माथिको संशोधन प्रस्ताव ध्वनी मतबाट अस्वीकृत गर्ने ।

**निर्णय नं. ४**

सार्वजनिक लेखा समितिका संयोजक श्री मनोज कुमार थापाबाट वैठकमा पेश भएको सार्वजनिक लेखा समितिको प्रतिवेदन २०८१ अनुमोदन गरी कार्यान्वयनमा लैजाने ।

**निर्णय नं. ५**

मन्थली नगरपालिका वडा नं. १४ मा रहेको भोटनागी लगायतका क्षेत्रका जग्गाहरु मनपा १४ मा हुनुपर्नेमा नक्साङ्कनमा दोरम्बा शैलुङ्ग गाँउपालिकाको वडा नं. १ मा पर्न गएको देखिएको र यसबाट मन्थली नगरपालिका र दोरम्बा शैलुङ्ग गाँउपालिकाको सिमाना नै स्पष्ट हुन नसक्ने भएकाले पालिकाको सिमानाका सम्वन्धमा साविका जिल्ला विकास समितिको कार्यालयको प.सं. २०६९/७० च.नं. १६० मिति २०६९ साउन ३२ को पत्रमा उल्लेख भए बमोजिम साविक फुलासी गाविस वडा नं. ८ को (हाल मनपा १४ को पश्चिम) र साविक डडुवा गाविस वडा नं. १ (हाल दोरम्बा शैलुङ्ग गाँउपालिका वडा नं. १ को दक्षिण) को सिमाना छाँगाखोला भोटनागी देखि खोलैखोला देवीथान देवी वहादुर कार्कीको जग्गासम्मको जग्गा मनपा १४ मा कायम गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको आफ्नो प्रशासकीय भवनमा पर्याप्त कोठा नभएको र पार्किङ्गका लागि समेत जग्गा नभएको कारण कार्य सम्पादनमा समस्या भईरहेको परिप्रेक्ष्यमा साविकको जिल्ला विकास समितिको कार्यालयसँग स्वामित्व रही तत्कालीन जिल्ला प्राविधिक कार्यालयको प्रयोजनका लागि

लव श्रेष्ठ
नगरप्रमुख

निर्माण भएको नगरपालिकासँगै जोडिएको भवन यस अघि पूर्वाधार विकास कार्यालयले प्रयोग गर्दै आएको र हाल पूर्वाधार विकास कार्यालय मनपा १ सानिमदौमा आफ्नै भवन निर्माण गरी स्थानान्तर भईसकेकाले सो भवन मन्थली नगरपालिकालाई हस्तान्तरण गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने।

**निर्णय नं. ७**

चालु आ.व. २०८१/८२ मा वजेट व्यवस्थापन भई कार्य सम्पन्न भएर पनि कुनै कारणले चालु आ.व. मा भुक्तानी हुन नसकेमा त्यस्ता भुक्तानी हुन नसकेका आयोजना र कार्यक्रमहरुको आगामी आ.व. २०८२/८३ का लागि दायित्व हस्तान्तरण गरी भुक्तानी दिने।

**निर्णय नं. ८**

मन्थली नगरपालिकाबाट सञ्चालित मन्थली नगर अस्पताल आफ्नै भवन निर्माण भई उक्त भवनबाट सेवा प्रवाह शूरु भइसकेको मन्थली नगरपालिका वडा नं. १ मा रहेको वैकल्पिक तथा आयुर्वेद चिकित्सालयका लागि भवन आवश्यक रहेकाले भवन उपलब्ध गराउन माग भई आएकाले नगर अस्पतालको खाली रहेको पुरानो भवनबाट वैकल्पिक तथा आयुर्वेद चिकित्सालयको सेवा उपलब्ध हुने गरी भवन उपलब्ध गराउने।

**निर्णय नं. ९**

वार्षिक योजना तथा कार्यक्रममा समावेश नभएका तर विपद तथा भवितव्यका कारण क्षति भएका संरचानाको पुनर्स्थापना एवं सेवा सुचारु र नगरवासीका माग भई अत्यावश्यक देखिएका खानेपानी सिंचाई तटबन्धका लागि जाली डिप बोरिङ्ग खानेपानी पम्प इनार सरसफाई जस्त कार्य र विद्यालय सामुदायिक संघ संस्था समूहहरुको सामान्य कार्य गर्नका लागि आवश्यक सिमेन्ट लगायतका निर्माण सामाग्री नगर प्रमुखको तोकादेशबाट उपलब्ध गराई आगामी सभाबाट अनुमोदन गराउने।

**निर्णय नं. १०**

नगरपालिकाभित्र ठेक्का बन्दोबस्ती मार्फत सम्पन्न भएका आयोजनाहरुको DLP Period भित्र कुनै मर्मत सम्भार गर्नु पर्ने अवस्था भएमा सो अवधी भित्र नै मर्मत सम्भारका लागि प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिकन खरिद नियमावली बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई ताकेता गर्ने। सम्पन्न भई सकेका आयोजनाहरुको DLP Period भित्र भएका धरौटी मध्ये पाँच प्रतिशत मात्र धरौटी राखी सो भन्दा बढीको धरौटी भएमा फुकुवा गरिदिन कार्यलयलाई निर्देशन दिने।

**निर्णय नं. १०**

लव श्रेष्ठ
नगरप्रमुख

CamScanner